जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

बर्षः १३, अंकः ६९ पृष्ठः ४ | २०८३ असार १९ शुक्रबार (Friday 03 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

## सवा नौ लाखभन्दा बढी मूल्यका अवैध सामान बरामद



**मणिलाल विश्वकर्मा**


लहान, १८ असार। सिरहास्थित सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टरबाट खटिएको गस्ती टोलीले भन्सार छली गरी अवैध रूपले ल्याइएका र लैजाँदै गरेको अवस्थामा सवा नौ लाख रुपैयाँभन्दा बढी मूल्यको किराना सामान, मदिरा तथा कपडा बरामद गरेको छ।

गण प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार बिहीबार बिहान करिब १ बजेतिर सिरहा नगरपालिका- १६, खिरौनाबाट सशस्त्र प्रहरी टोलीले भन्सार छली गरी नेपालतर्फ ल्याउँदै गरेको र नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा किराना सामान, कपडा, कस्तुरी मदिरा र तीन थान मोटरसाइकल बरामद गरेको हो।

बरामद गरिएका करिब नौ लाख २६ हजार ८५० रुपैयाँ मूल्यका सामानहरू आवश्यक प्रक्रिया पूरा गरी माडर भन्सार बुझाउन लगिएको उनले बताए।

## वडासचिवले गरे एकैपटक बाह्र दिनको हाजिर

लहान, १८ असार। सिरहाको लहान नगरपालिका- १७, तेरगाना गोविन्दपुर वडा कार्यालयका सचिवले चालू आर्थिक वर्षको असार मसान्तसम्मको एकैपटक हाजिर गरेको पाइएको छ। लहान- ५ घर रहेका अधिकृत छैटौं दर्जाका वडासचिव राजकुमार साहले १७ असार (बुधबार) देखि ३२ असारसम्म १६ दिनमध्ये दुई–दुई शनिबार र आइतबार गरी चार दिनको बिदा कटौती गरी १२ दिनको हाजिर एकैपटक गरेको पाइएको हो।




कार्यालय पुगेर आफूले हाजिर गरेपछि वडामा कार्यरत अन्य कर्मचारीको पनि हाजिर गराउनुपर्ने कार्यालय प्रमुखले नै एकैपटक हाजिर गर्न मिल्छ भन्ने प्रश्नमा वडासचिव साहले भूलवश झुक्किएर एकैपल्ट हाजिर गरेको स्विकारे। 'गत जेठमा बुबाको निधन भएपछि केही दिन बिदामा बसेको थिएँ,' उनले भने, 'तेह्रौं दिनको कर्म सिध्याएसँगै बिदा पनि सकेकाले कार्यालय आउँदा सेवाग्राहीको पनि भिडभाड भएकाले झुक्किएर असार मसान्तसम्मको हाजिर गर्न पुगेछु, भूलवश त्यस्तो हुन गएको हो।'

वडा कार्यालयमा आएका पत्रकारसँग कुराकानी गर्ने क्रममा हाजिरको प्रसंग निस्किँदा एकैपटक हाजिर गरेको थाहा पाएपछि केरमेट नगरेको, तर आफू दैनिक रूपमा समयमै कार्यालय आउने–जाने गरिरहेको उनको दाबी छ। लहान– १५ का वडाध्यक्ष प्रथमलाल चौधरीले बिहान ९ बजे कार्यालयमा हाजिर भइसक्नुपर्ने वडासचिव प्रायः ढिलो आउँदा सेवाग्राहीहरूको भिड हुने गरेको बताए। 'वडासचिवले असार मसान्तसम्मको हाजिर एकैपटक गरेको वडामै कार्यरत अर्को कर्मचारीबाट थाहा पाएँ,' उनले भने। महिनाभरिको एकैपटक हाजिर गरेको पाइएपछि हाजिरी रजिस्टर नियन्त्रणमा लिइएको उनले बताए।

## बजेट संशोधनको माग गर्दै दोस्रो दिन पनि मधेस प्रदेशसभा अवरुद्ध

जनकपुरधाम, १८ असार। बजेट संशोधनको माग गर्दै मधेस प्रदेशसभाका प्रमुख प्रतिपक्षी दलहरूले बिहीबार पनि प्रदेशसभा बैठक अवरुद्ध गरेका छन्। प्रमुख प्रतिपक्षी जसपा नेपाल र प्रतिपक्षी जनमत पार्टीले संयुक्त रूपमा विरोध जनाउँदै बैठक सञ्चालन हुन दिएका छैनन्।



बैठक सुरु हुनासाथ जनमत पार्टीका सांसद संजयकुमार यादवले सरकारले प्रस्तुत गरेको बजेट विकासमुखी नभई टुक्रे योजनामा केन्द्रित रहेको आरोप लगाए। एक करोड रुपैयाँका योजनाको नाममा साना–साना कार्यक्रम समेटेर बजेट ल्याइएको भन्दै उनले यस्तो प्रवृत्तिले संघीय शासन व्यवस्थाप्रति जनविश्वास कमजोर बनाउने दाबी गरे।

उनले बजेटमा आवश्यक संशोधन नगरेसम्म प्रतिपक्षी दलहरूले सदन सञ्चालन हुन नदिने चेतावनी दिए। यस्तै, जसपा नेपालका सांसद उपेन्द्र महतोले पनि बजेट वितरण प्रक्रियामाथि प्रश्न उठाउँदै बजेट संशोधन गर्नुपर्ने वा त्यससम्बन्धी विवादको छानबिन गर्न संसदीय समिति गठन गर्नुपर्ने माग दोहोऱ्याए। यीमध्ये कुनै एक माग पूरा नभएसम्म सदन चल्न नदिने उनको अडान थियो। प्रतिपक्षी सांसदहरूले नाराबाजी गर्दै बैठक अवरुद्ध गरेपछि सभामुख रामअशिष यादवले प्रदेशसभा बैठक अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित भएको घोषणा गरे। यसअघि बुधबार पनि बजेटमाथिको छलफलका लागि बोलाइएको प्रदेशसभा बैठक प्रतिपक्षी दलहरूको अवरोधका कारण प्रभावित भएको थियो। त्यसदिन १० मिनेटका लागि बैठक स्थगित गरिए पनि पुनः सञ्चालन हुन सकेको थिएन।

लगातार दोस्रो दिन पनि प्रदेशसभा बैठक अवरुद्ध भएपछि मधेश प्रदेशको बजेटमाथिको संसदीय प्रक्रिया अन्योलमा परेको छ। बजेट विवाद समाधानका लागि सत्ता पक्ष र प्रतिपक्षबीच सहमति खोज्ने प्रयास भए पनि हालसम्म कुनै ठोस निष्कर्ष निस्किएको छैन।




## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

गोलबजार ट्रमा सेन्टर :

## मधेशको स्वास्थ्य सुरक्षामा नयाँ अध्याय

सिरहाको गोलबजारमा मधेश प्रदेशकै पहिलो अत्याधुनिक ट्रमा सेन्टर निर्माण प्रक्रिया औपचारिक रूपमा सुरु हुनु केवल एउटा भौतिक पूर्वाधार निर्माणको विषय होइन, यो मधेश प्रदेशको स्वास्थ्य सेवामा गुणात्मक परिवर्तन ल्याउने ऐतिहासिक पहल हो। मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा पूर्व–पश्चिम राजमार्गसँगै निर्माण हुन लागेको यो ट्रमा सेन्टरले विशेषगरी दुर्घटनामा परेका बिरामीलाई समयमै उपचार उपलब्ध गराउने अपेक्षा गरिएको छ। यसले मधेश प्रदेशका लाखौं नागरिकलाई राहत दिने मात्र होइन, प्रदेशको स्वास्थ्य प्रणालीलाई थप सक्षम र प्रभावकारी बनाउने आधार पनि तयार गर्नेछ।

मधेश प्रदेशका अधिकांश जिल्लाबाट गुज्रिएको पूर्व–पश्चिम राजमार्ग देशकै सबैभन्दा व्यस्त सडकमार्गमध्ये एक हो। दैनिक हजारौं सवारी साधन सञ्चालन हुने यस मार्गमा हुने सडक दुर्घटनाले प्रत्येक वर्ष ठूलो मानवीय क्षति पुऱ्याउँदै आएको छ। दुर्घटनापछि 'गोल्डेन आवर' अर्थात् प्रारम्भिक एक घण्टाभित्र विशेषज्ञ उपचार नपाउँदा धेरै घाइतेले ज्यान गुमाउने वा स्थायी रूपमा अशक्त बन्ने अवस्था अझै पनि विद्यमान छ। यस्तो अवस्थामा गोलबजारमा अत्याधुनिक ट्रमा सेन्टर निर्माण हुनु समयसापेक्ष र अत्यन्त आवश्यक निर्णय हो।

२० करोडभन्दा बढी लागतमा निर्माण हुने साढे दुईतले आधुनिक भवनले सिरहा मात्र होइन, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही तथा मधेश प्रदेशका अन्य जिल्लाका नागरिकलाई समेत प्रत्यक्ष लाभ पुऱ्याउने अपेक्षा गरिएको छ। प्रदेश सरकार र संघीय सरकारको संयुक्त लगानीमा बन्न लागेको यो परियोजनाले सरकारबीचको सहकार्यको सकारात्मक उदाहरण पनि प्रस्तुत गरेको छ। स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा यस्ता साझेदारी परियोजनाले दीर्घकालीन परिणाम दिन सक्छन्।यद्यपि, भवन निर्माण मात्र स्वास्थ्य सेवाको पूर्ण समाधान होइन। अत्याधुनिक ट्रमा सेन्टरको वास्तविक सफलता त्यहाँ उपलब्ध हुने सेवा, दक्ष चिकित्सक, विशेषज्ञ सर्जन, नर्स, आधुनिक उपकरण, एम्बुलेन्स सेवा, औषधिको सहज उपलब्धता र प्रभावकारी व्यवस्थापनमा निर्भर हुन्छ। नेपालका धेरै अस्पतालमा भवन बने पनि जनशक्ति र उपकरण अभावका कारण अपेक्षित सेवा दिन नसकेको तीतो अनुभव छ। गोलबजार ट्रमा सेन्टरले त्यही कमजोरी दोहोऱ्याउनु हुँदैन।

ट्रमा सेन्टर सञ्चालनमा आएपछि त्यसलाई चौबीसै घण्टा सेवा दिने सक्षम संस्थाका रूपमा विकास गर्न आवश्यक छ। न्युरो सर्जरी, अर्थोपेडिक, जनरल सर्जरी, एनेस्थेसिया, आकस्मिक चिकित्सा, रक्त बैंक, अत्याधुनिक प्रयोगशाला तथा आईसीयू सेवा सुनिश्चित गर्न सकिए मात्र यसको उद्देश्य पूरा हुनेछ। साथै, राजमार्गमा हुने दुर्घटनाको सूचना व्यवस्थापन, उद्धार प्रणाली र एम्बुलेन्स नेटवर्कलाई पनि ट्रमा सेन्टरसँग प्रभावकारी रूपमा जोड्नुपर्ने आवश्यकता छ। निर्माण कार्य निर्धारित समयमै सम्पन्न हुनु अर्को महत्वपूर्ण पक्ष हो। नेपालमा सार्वजनिक निर्माणका धेरै आयोजना ढिलासुस्ती, लागत वृद्धि र कमजोर अनुगमनका कारण आलोचित हुँदै आएका छन्। त्यसैले यस परियोजनामा पारदर्शिता, नियमित अनुगमन र गुणस्तरीय निर्माणलाई सर्वोच्च प्राथमिकता दिनुपर्छ। जनताले करबाट जुटेको रकमको सही सदुपयोग भएको अनुभूति गर्न सक्नुपर्छ।

यस ट्रमा सेन्टरले स्वास्थ्य सेवासँगै स्थानीय आर्थिक गतिविधिमा पनि सकारात्मक प्रभाव पार्न सक्छ। अस्पताल केन्द्रित व्यवसाय, औषधि पसल, होटल, यातायात तथा अन्य सेवा क्षेत्र विस्तार हुने सम्भावना छ। यसले रोजगारी सिर्जना गर्नुका साथै गोलबजारलाई स्वास्थ्य सेवाको क्षेत्रीय केन्द्रका रूपमा स्थापित गर्न सहयोग पुऱ्याउन सक्छ। भविष्यमा मेडिकल शिक्षा, विशेषज्ञ तालिम तथा अनुसन्धानका अवसरसमेत विकास गर्न सकिने आधार बन्न सक्छ। सडक दुर्घटनाको उपचार मात्र होइन, प्राकृतिक विपद्, औद्योगिक दुर्घटना वा सामूहिक विपत्तिका बेला पनि यस्तो ट्रमा सेन्टर अत्यन्त उपयोगी हुन्छ। जलवायु परिवर्तनसँगै बढ्दै गएका विपद्का जोखिमलाई हेर्दा प्रदेशस्तरमा सशक्त आकस्मिक स्वास्थ्य संरचना निर्माण गर्नु आजको आवश्यकता हो। त्यसैले यो परियोजनालाई केवल एउटा भवन निर्माणका रूपमा होइन, प्रदेशको समग्र विपद् तथा स्वास्थ्य सुरक्षा प्रणालीको महत्वपूर्ण अंगका रूपमा विकास गर्नुपर्छ।

गोलबजार ट्रमा सेन्टर निर्माणको सुरुवात मधेश प्रदेशका लागि सकारात्मक समाचार हो। अब चुनौती यसको प्रभावकारी कार्यान्वयन र दीर्घकालीन सञ्चालनमा छ। यदि निर्माण समयमै सम्पन्न गरी आवश्यक जनशक्ति, उपकरण र सेवा व्यवस्थापन सुनिश्चित गर्न सकियो भने यो ट्रमा सेन्टरले हजारौं नागरिकको जीवन बचाउनेछ र मधेश प्रदेशको स्वास्थ्य सेवामा नयाँ अध्याय सुरु गर्नेछ। सरकारका लागि यो केवल पूर्वाधार निर्माणको परियोजना होइन, नागरिकको जीवन र भरोसासँग जोडिएको जिम्मेवारी हो। त्यसैले निर्माणदेखि सञ्चालनसम्म प्रत्येक चरणमा पारदर्शिता, गुणस्तर र जनउत्तरदायित्व कायम राख्न सकिए मात्र यो महत्वाकांक्षी योजना आफ्नो वास्तविक उद्देश्यमा सफल हुनेछ।

# नतिजा छिटो निकाल्दा विद्यार्थीलाई के फाइदा भयो भन्ने स्पष्ट हुनुपर्छ

**सुमन गोपाल आचार्य**

यस वर्ष कक्षा १२ र माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा अघिल्ला वर्षहरूको तुलनामा निकै छिटो सार्वजनिक भयो। सरकार र शिक्षा मन्त्रालयका तर्फबाट हेर्दा नतिजा छिटो प्रकाशित गर्नुलाई ठूलो उपलब्धिका रूपमा प्रस्तुत गर्न खोजिएको देखिन्छ। प्राविधिक रूपमा हेर्दा नतिजा छिटो निकाल्ने प्रयास आफैँमा एउटा सकारात्मक कदम हुनुपर्ने हो। लामो समयसम्म नतिजाको पर्खाइमा बस्नुपर्ने विद्यार्थीको छटपटीलाई कम गर्न र शैक्षिक क्यालेन्डरलाई व्यवस्थित बनाउन यो प्रक्रिया सहयोगी बन्न सक्थ्यो। तर, अहिलेको मुख्य प्रश्न के हो भने यो 'छिटो' केका लागि र कसका लागि थियो भन्ने कुरामा शिक्षा मन्त्रालय आफैँ स्पष्ट हुन सकेको देखिँदैन।

कुनै पनि काम छिटो गर्नुको पछाडि निश्चित उद्देश्य र त्यसपछिको स्पष्ट कार्ययोजना हुनुपर्छ। उदाहरणका लागि कक्षा १० को नतिजा वैशाख महिनामै सार्वजनिक गरियो जुन अघिल्ला वर्षहरूभन्दा निकै छिटो थियो। तर नतिजा छिटो आए पनि विद्यार्थीले जेठ महिनाभरि कक्षा ११ मा भर्ना भएर पढ्न पाउने वातावरण बनेन। असार महिनामा मात्र बल्ल भर्ना प्रक्रिया शुरू भयो। यसको सीधा अर्थ के हो भने नतिजा छिटो आए पनि विद्यार्थीले डेढ महिनासम्म खाली बस्नुपऱ्यो। यसरी नतिजा आएर पनि शैक्षिक सत्र अगाडि नबढ्ने हो भने त्यो हतारोको कुनै सान्दर्भिकता रहँदैन। सरकारले नतिजा किन छिटो निकाल्दैछ, यसबाट विद्यार्थीलाई तत्काल के फाइदा हुन्छ र आउँदो शैक्षिक यात्रा कसरी सहज हुन्छ भन्ने कुराको स्पष्ट खाका तयार नगरी केवल जस लिनका लागि मात्र नतिजा छिटो निकाल्नुले नीतिगत अन्योल मात्र बढाएको देखिन्छ।

यस्तै प्रकृतिको हतारो कक्षा १२ को नतिजामा पनि दोहोरिएको छ। नतिजा त छिटो आयो, तर यसले खुशीभन्दा धेरै विद्यार्थी, शिक्षक र विद्यालयमा निराशा र आक्रोश पैदा गरिदिएको छ। विद्यार्थी र सरोकारवालाका अनुसार नतिजा छिटो निकाल्ने बहानामा उत्तरपुस्तिका परीक्षणमा चरम लापरबाही र हतार गरिएको छ। यसले गर्दा विद्यार्थीले आफ्नो मेहनत र क्षमताअनुसारको नतिजा पाउन सकेनन्। वर्षभरि कठोर मेहनत गरेका जेहेनदार विद्यार्थीसमेत आफूले सोचेभन्दा निकै कमजोर नतिजा आएपछि छाँगाबाट खसेजस्तै भएका छन्। नतिजाको यो त्रुटिपूर्ण अवस्थाले गर्दा नै विद्यार्थी आफ्नो भविष्य सुरक्षित गर्नका लागि सडक प्रदर्शनजस्तो अप्रिय निर्णय लिन बाध्य भएका छन्। माइतीघर मण्डलामा विद्यार्थीले गरिरहेको विरोध प्रदर्शन राज्यको यही गैरजिम्मेवार कदमको परिणाम हो। आफ्नो वास्तविक मूल्याङ्कन नभएको गुनासो बोकेर सडकमा उत्रिएका विद्यार्थीको असन्तुष्टिलाई नकारात्मक रूपमा मात्र हेर्न मिल्दैन, बरु यसलाई न्यायको खोजीका रूपमा बुझ्नुपर्छ।

यो समग्र परिस्थितिले हाम्रो वर्तमान शैक्षिक मूल्याङ्कन प्रक्रियामाथि नै एउटा ठूलो र गम्भीर प्रश्नचिह्न खडा गरिदिएको छ। मूल्याङ्कन भनेको केवल एउटा सर्टिफिकेट वा कागजको पानामा छापिने अक्षर र अङ्कमात्र होइन। यो त एउटा विद्यार्थीको वर्षौंको अध्ययन, शिक्षकको समर्पण, अभिभावकको लगानी र समग्रमा विद्यार्थीको भविष्यको फैसला गर्ने कडी हो। जब यो मूल्याङ्कन प्रक्रिया नै शङ्काको घेरामा पर्छ, तब विद्यार्थीको सिङ्गो जीवन र करियर नै अन्योलमा धकेलिन्छ। राज्यले नतिजालाई परीक्षा प्रणालीको एउटा प्राविधिक पाटो मात्र ठान्ने भूल गर्नु हुँदैन। यदि मूल्याङ्कन प्रक्रिया विश्वसनीय र त्रुटिरहित हुँदैन भने त्यसले समग्र शिक्षा प्रणालीको साख नै गिराउँछ। यसले विद्यार्थीमा पढ्ने र मेहनत गर्ने उत्साहलाई समेत समाप्त पारिदिन्छ।

हतारमा गरिएको काममा ध्यान केन्द्रित हुन सक्दैन र त्यहाँ गल्ती हुने सम्भावना उच्च रहन्छ। परीक्षा नियन्त्रण कार्यालय र उत्तरपुस्तिका जाँच्ने परीक्षकमाथि छिटो नतिजा निकाल्ने दबावले उत्तरपुस्तिका परीक्षणमा गम्भीर लापरबाही भएको महसुस सहजै गर्न सकिन्छ। कुनै पनि परीक्षामा एक वा दुई प्रतिशत विद्यार्थीको हकमा मानवीय त्रुटि हुनुलाई सामान्य मान्न सकिएला जसलाई पुनर्योगमार्फत सच्याउन सकिन्छ। तर, जब बहुसङ्ख्यक विद्यार्थी आफ्नो नतिजाप्रति असन्तुष्ट भएर पुनः परीक्षणको माग गर्दै सडकमा आउँछन्, तब त्यसलाई सामान्य त्रुटि मान्न सकिँदैन। यो त सीधै उत्तरपुस्तिका परीक्षणमा भएको व्यापक लापरबाहीको प्रमाण हो।

यस्तो अवस्थामा विद्यार्थीले पुनः परीक्षण वा नमूना परीक्षणको माग गर्नु पूर्णरूपमा न्यायसङ्गत र आवश्यक देखिन्छ। तर, राज्यको नीति र नियत भने यसमा पनि व्यावसायिक बन्न खोजेको आरोप लागिरहेको छ। पुनर्योग वा पुनः परीक्षणका नाममा चर्को शुल्क असुल गर्ने र त्यसका लागि दुर्गमका विद्यार्थीसमेत काठमाण्डौ धाउनुपर्ने बाध्यता सिर्जना भएको छ। एउटा सामान्य त्रुटि सच्याउनका लागि दूरदराजका विद्यार्थीले आर्थिक भार बेहोर्दै संघीय राजधानी आउनुपर्ने अवस्था आफैँमा विभेदकारी र अव्यावहारिक छ। राज्यले न्याय दिने बहानामा विद्यार्थी र अभिभावकको बाध्यताबाट फाइदा उठाउनु वा यसलाई आम्दानीको स्रोत बनाउनु अत्यन्तै दुःखद पक्ष हो।

अर्कोतर्फ शिक्षा मन्त्रालयको दोहोरो चरित्रले यो अन्योललाई थप बढाएको छ। मन्त्रालय एकातिर उत्तरपुस्तिका परीक्षणमा कुनै पनि समस्या वा त्रुटि नभएको दाबी गर्छ भने अर्कोतिर विद्यार्थीको आन्दोलनलाई मत्थर पार्न नमूना परीक्षण गर्ने कुरा अगाडि सार्छ। मन्त्रालयको यो निर्णय कुनै ठोस समाधान खोज्नका लागि भन्दा पनि आन्दोलित विद्यार्थीलाई फकाउने र तत्कालको आक्रोशलाई शान्त पार्ने एउटा बहानामात्र जस्तो देखिन्छ। यस्ता अल्पकालीन र खुद्रे उपायहरूले समस्याको स्थायी समाधान दिन सक्दैनन्, बरु यसले राज्यप्रतिको अविश्वासलाई अझ प्रगाढ बनाउँछ। शिक्षाजस्तो संवेदनशील क्षेत्रमा यस्तो गैरजिम्मेवार र विरोधाभासपूर्ण निर्णय हुनु प्रणालीकै कमजोरी हो।

आगामी वर्षहरूमा यस्ता गम्भीर गल्तीहरू नदोहोरिऊन् र नतिजा छिटो आउने सँगसँगै मूल्याङ्कन प्रक्रिया पनि पूर्णरूपमा विश्वसनीय बनोस् भन्नका लागि राज्यले आफ्नो सोच र कार्यशैलीमा व्यापक सुधार गर्नुपर्ने आवश्यकता छ। सबैभन्दा पहिला नतिजा छिटो निकाल्ने निर्णय गर्नुअघि त्यसको विस्तृत पूर्वतयारी गर्नुपर्छ। उत्तरपुस्तिका परीक्षण गर्ने जनशक्तिलाई पर्याप्त समय, उचित तालिम र स्रोतसाधन उपलब्ध गराइने वातावरण बनाउनुपर्छ, ताकि गति बढाउँदा गुणस्तर र शुद्धतामा सम्झौता नहोस्। दोस्रो र महत्वपूर्ण कुरा परीक्षाको नतिजा आउने समय र माथिल्लो कक्षाको शैक्षिक सत्र शुरू हुने समयबीच धेरै अन्तर हुनु हुँदैन। नतिजा आउनासाथ विद्यार्थीले बिना कुनै अवरोध अर्को तहको अध्ययन शुरू गर्न पाउने गरी विश्वविद्यालय र विद्यालयको क्यालेन्डरलाई एकापसमा आबद्ध गरिनुपर्छ। जब नतिजाको गति र आगामी शैक्षिक कार्यक्रमको सञ्चालन एउटै लयमा अगाडि बढ्छन्, तब मात्र नतिजा छिटो निकाल्नुको वास्तविक औचित्य पुष्टि हुन्छ र शिक्षा प्रणालीप्रति नागरिकको भरोसा पुनः स्थापित हुन सक्छ। *(शिक्षाविद् सुमन गोपाल आचार्यसँग साथी महेश ज्ञवालीले गरेको कुराकानीमा आधारित।)* उज्यालोबाट

# तीन सय विद्यार्थीलाई लागुऔषधविरुद्ध सचेतना अभिवृद्धि

**विनय कर्ण**

सप्तरी, १८ असार। सप्तरीको राजगढ गाउँपालिका स्थित जनता शङ्कर माध्यमिक विद्यालय नर्थोका तीन सय विद्यार्थीलाई लागुऔषध दुर्व्यसनबाट बच्न र यसको दुष्परिणामबारे सचेत गराउने उद्देश्यले सचेतनामूलक प्रशिक्षण प्रदान गरिएको छ। राजगढ गाउँपालिकाको आर्थिक सहयोग तथा मिसन मधेश मिडिया प्रालिको आयोजनामा सञ्चालन गरिएको प्रशिक्षणमा विद्यार्थीलाई लागुऔषधको प्रयोगले व्यक्ति, परिवार र समाजमा पार्ने नकारात्मक प्रभाव, कानुनी व्यवस्था तथा यसबाट बच्ने उपायबारे जानकारी दिइएको थियो।



प्रशिक्षणका सहजकर्ता अधिवक्ता सतिशकुमार दत्तले उत्सुकता, साथीको दबाब वा क्षणिक रमाइलोका लागि लागुऔषधको प्रयोग सुरु गर्ने धेरै युवायुवती अन्ततः दुर्व्यसनको सिकार बन्ने भएकाले विद्यार्थीले सुरुदेखि नै नाइँ भन्न सक्ने क्षमता विकास गर्नुपर्ने बताउनुभयो। उहाँले लागुऔषधले शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था र भविष्यलाई गम्भीर रूपमा प्रभावित गर्ने भएकाले सचेत रहन आग्रह गर्नुभयो।त्यसैगरी प्रहरी चौकी फुट्कीका प्रहरी नायब निरीक्षक विनोद खत्रीले नेपालमा लागुऔषध

–बाँकी तीन पेजमा

सरकारका १०० दिन :

# सरकारी सेवामा न्यून सुधार, हटेको छैन झमेला

**शैलेन्द्र महतो**

जनकपुरधाम, १८ असार। धनुषाको धनौजी गाउँपालिका–५ का १९ वर्षीय सजन मुखिया बुधबार मध्याह्न करिब १२ बजे जिल्ला प्रशासन कार्यालय धनुषाको राहदानी फाँटको झ्यालमा भेटिए। विदेश जान हतारिएका उनले फाँटका कर्मचारीलाई कागजात देखाउँदै सोधे, 'मेरो पासपोर्ट बनेर आएको छ कि छैन ? मोबाइलमा एसएमएस २० दिनमा पनि आएको छैन।' फाँटमा बसेकी महिला कर्मचारीले चेक गर्दै जवाफ फर्काइन्, 'अब १५ दिनपछि आउनु होला। तबसम्म बनिसक्छ होला।'

राहदानी बनाउन मुखियाले जेठ २५ गतेतिर कार्यालयमा आएर अनलाइन गराएर प्रक्रिया पूरा गरेका थिए। २० दिनभित्र पासपोर्ट बनिसकेपछि मोबाइलमा एसएमएस आउँछ, त्यसपछि लिन आउन कर्मचारीले भनेका थिए। तर २० दिनमा म्यासेज नआएपछि उनी बुधबार कार्यालय पुगेका थिए। 'सुरुको दिन त धेरै दुःख पाएँ। भन्छन्, सात दिनमै पासपोर्ट दिन्छ, तर हेर्नुस् २० दिनपछि पनि आएको छैन। अब थप १५ दिनमा आउनु भन्नुभयो,' कर्मचारीको जवाफले निराश बनेका उनले गुनासो गरे, 'बालेन सरकार आएपछि पनि कार्यालयको सेवामा म खासै सुधार देख्दिनँ।' जिल्ला प्रशासन कार्यालयमा राहदानीको प्रक्रिया पूरा गरेपछि पासपोर्ट पाउन कम्तीमा २० दिन समय लाग्छ।

दुई तिहाइ बहुमतसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) प्रधानमन्त्री चुनिएपछि सार्वजनिक निकायमा हुने सेवा प्रवाह सहज, सरल र झन्झटरहित बनाउने नीति लिएको थियो। त्यसको पहिलो मन्त्रिपरिषद् बैठकबाट शासकीय सुधारका एक सय कार्यसूची सार्वजनिक गर्दै सय दिनभित्र सेवा प्रवाह सुधारको लक्ष्य लिइएको थियो। शासकीय सुधारका बुँदा नम्बर २१ मा उल्लेख छ, 'नागरिकलाई छिटो, सहज र बिचौलियामुक्त सेवा उपलब्ध गराउन नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र तथा जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सम्पूर्ण सेवाहरूलाई डिजिटल तथा एकीकृत प्रणालीमार्फत सञ्चालन गर्ने, नागरिकताको प्रतिलिपि तथा राहदानी सेवा जुनसुकै जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था तत्काल लागू गर्ने, वडास्तरबाट डिजिटल सिफारिस प्रणाली लागू गर्ने, राष्ट्रिय परिचयपत्रलाई अनिवार्य एकल परिचय प्रणालीका रूपमा प्रयोग गर्ने तथा सबै सेवा प्रक्रियालाई फेसलेस, टाइम–बाउन्ड र ट्र्याकिङयोग्य बनाउने।'

बुँदा नम्बर २६ मा पासपोर्ट, नागरिकता, सवारी चालक अनुमति पत्रलगायतका सेवाहरू नागरिकलाई छिटो, सहज र बिचौलियामुक्त तरिकाले पूर्वानुमानयोग्य समयमा उपलब्ध गराउने व्यवस्था लागू गर्ने तथा सम्पूर्ण सेवा प्रक्रियालाई मुहारविहीन, समयबद्ध र डिजिटल प्रणालीमा रूपान्तरण गर्ने उल्लेख छ। तर बालेन सरकारको शासकीय सुधार नीति अनुसार काम भए, नभएको जनताको मिश्रित प्रक्रिया छ। मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित कार्यालयमा भेटिने सेवाग्राही यसबारे कसैले सुधार नदेखिएको बताउँछन् भने कसैलाई सन्तोषजनक लागेको पनि प्रतिक्रिया दिन्छन्।

मिथिला नगरपालिका–५, श्रीपुरका शंकरप्रसाद सिंहलाई सुधार सन्तोषजनक लागेको छ। बुधबार छोरी मनिषाको नागरिकता बनाउन बिहान ९ बजे जिल्ला प्रशासन कार्यालय पुगेका उनी बिहान साढे १० बजेतिर कार्यालयको पछाडि रहेको प्रतीक्षालयमा बसेर दिउँसो १ बजेको समय कुर्दै थिए। उनको सबै कागजात लिएर कर्मचारीले दिउँसो १ बजे नागरिकता उपलब्ध गराउँछु भनेर आश्वासन दिएका थिए। केही घण्टामै नागरिकता पाउने आश्वासनले उनलाई सेवा प्रवाह सहज भएको लागेको छ। 'मसँग सबै कागजात थियो। कर्मचारीले धमाधम काम अगाडि बढाउनुभयो। दिउँसो १ बजे नागरिकता उपलब्ध गराउँछु भन्नुभएको छ। अनि बसिरहेको छु,' उनले भने, 'सेवामा पहिलेभन्दा सुधार लागेको छ। अझ विस्तारै सुधार हुन्छ भन्ने लाग्छ।'

तर नागरिकताको प्रतिलिपि लिन पुगेका क्षिरेश्वरनाथ नगरपालिका–८ का धनिकलाल महतोलाई भने पहिले र अहिलेमा कुनै सुधार नभएको महसुस भइरहेको छ। बुधबार १०: ४० बजे श्रीमती अनारकुमारीसँग कार्यालयको पछाडि बसिरहेका उनी एक दिनअघि मंगलबार मध्याह्न १२ बजे प्रतिलिपि लिन कार्यालय आएका थिए। तर अभिलेख नभेटिएको भन्दै नयाँ फाइल खडा गर्न जग्गाको लालपुर्जाको सहरजमिन, बुबाआमाको नागरिकताको प्रतिलिपिलगायतका कागजात ल्याउन कार्यालयले भनेको थियो। त्यसअनुसार उनी फर्केर वडा कार्यालयबाट सिफारिससहितका कागजात ल्याएर बुधबार पेस गरेका थिए। अनि कर्मचारीले पर्खिन भनेपछि दुवैजना कुर्दै थिए। सेवाप्रवाहमा उस्तै जालझेल रहेको उनको गुनासो छ।

'२०५६ मै नागरिकता लिएको छु। अभिलेख त यसै कार्यालयमा थियो। कर्मचारीले भन्छन्, हरायो। कहाँ हरायो ? अनि यो पुगेन, त्यो पुगेन भनेर जालझेल गर्दै छन्,' उनले गुनासो पोखे, 'अनि म कसरी बुझूँ बालेन सरकारको निर्देशनमा सेवा सहज भयो ? प्रतिलिपि लिन यति समस्या छ।' उनको भनाइमा जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट नागरिकता लिन गौशालाकी विवाहित छोरी बबिता पुगेपछि बुबाआमाको अनलाइनमा नागरिकता खोजियो। यता नागरिकता अलि च्यातिएको कारण प्रतिलिपि लिन भनियो। छोरीसँग नागरिकताका लागि कसैले ४ हजार खर्च गर्न भन्यो। नदिएपछि बुबाआमाको नागरिकता अनलाइन गराएर ल्याए मात्रै हुने भनेको उनले सुनाए।

उनीहरू बसेको जस्ताको सेडमुनि पंखा छैन। गर्मीमा नागरिक त्यही सेडमुनि बसेर आफ्नो पालो कुर्छन्। अभिलेख शाखामा खटिएका एक कर्मचारीका अनुसार कार्यालयमा २०४९ देखि २०५९ सम्मको अवधिमा नागरिकता उपलब्ध गराइएको अभिलेख उल्टाइपल्टाइ गर्दागर्दै च्यातिसकेको छ। त्यस कारण सो अवधिमा नागरिकता प्राप्त गरेकाको प्रतिलिपि लिन अर्को अभिलेख खडा गर्नुपर्ने अवस्था छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल नागरिकता प्रदानमा एकद्वार प्रणाली लागू गरी सहजता प्रदान गरिएको बताए। 'नागरिकता फाँटमा अहिले भीडभाड कम छ। यसको कारण हो, एकद्वार प्रणाली मार्फत नागरिकता प्रदान गर्ने गरिएको छ' उनले भने 'सबै वडाबाटै अनलाइन नागरिकता सिफारिस हुने गरेको छ। यसले काममा गति लिएको छ।' उनले पासपोर्ट, नागरिकता घरसम्मै हुलाक मार्फत पुऱ्याउने सेवा सुरु गरिएको छ। तर नागरिकले कार्यालयमै आएर लिने तथा घरमा आजसम्म कसैले लिने भनेर नभनेको बताए।

जिल्ला प्रशासन कार्यालयमै साढे १० बजेतिर राष्ट्रिय परिचयपत्र लिन बसेकी धनुषाको क्षिरेश्वरनाथ नगरपालिका–५ की ७० वर्षीया रामसागर देवी असिनपसिन भएर लाइनमा बसेकी थिइन्। वृद्धभत्ता लिन अब अनिवार्य राष्ट्रिय परिचयपत्र आवश्यक परेका कारण उनी लिन आएकी थिइन्। बिहान ९ बजे आएर लाइन बसेकी उनलाई काउन्टरमा पुग्न अझ डेढ घण्टा लाग्थ्यो। सेवा प्रवाहप्रति दिक्क मान्दै उनले कुनै सुधार नभएको प्रतिक्रिया दिइन्। 'मजस्तो वृद्धालाई लाइनमा बस्नुपरेको छ। सहज रूपमा उपलब्ध गराउनुपर्थ्यो। म त कुनै सुधार देख्दिनँ। हामीजस्तालाई अझै पनि दुःख छ।'

राष्ट्रिय परिचयपत्र लिन महिला र पुरुषको छुट्टाछुट्टै लाइन थियो। लाममा लागेका पुरुषहरू मध्ये गर्मी छल्न केहीले आफ्नो गम्छाले हातले हम्किँदै थिए। राष्ट्रिय परिचयपत्रको फोटो खिच्ने काउन्टरमा प्रवेश एउटै ढोकाबाट हुने र पर्याप्त काउन्टर नभएकाले लाइन सुस्तरी मात्र अघि बढिरहेको थियो। लाइनमा लागेकाहरू दिक्दार थिए। तीमध्ये ज्येष्ठ नागरिक रामसागर देवीकै पछाडि बसेकी सबैला नगरपालिका–१० की शोभा देवी पनि दिक्दार थिइन्। 'महिलाका लागि छुट्टै काउन्टरको व्यवस्थापन हुनुपर्थ्यो। तर त्यसो गरिएको छैन। पहिले र अहिलेको सरकारमा मैले के फरक भन्नु ? दुःख पहिलेजस्तै छ।'

तराई–मधेशको उखरमाउलो गर्मीमा कार्यालयभित्र कोठामा कर्मचारी पंखामा बसेर काम गर्दा बाहिर बनाएको सेड प्रतीक्षालयमा भने पंखा छैन। गर्मीमा सेवाग्राहीले त्यही सेडभित्र उभिन र बस्नुपर्छ। कार्यालय परिसरभित्र रहेका दुईवटा ठूला रुखको छहारीले सेवाग्राहीलाई अलि राहत दिने गरेको छ। तर सेडभित्र पंखा लगाउनुपर्ने राष्ट्रिय परिचयपत्र बनाउन पुगेका धनुषाको बटेश्वर गाउँपालिका–४ डाडाटोलका परमेश्वर साफीको भनाइ छ। बालेन सरकार बनेदेखि धेरै कुरामा सुधार भए पनि अझ सन्तोषजनक सेवा प्रवाह नभएको उनको गुनासो छ।

'अर्को जिल्लामा कति सहज काम हुन्छ। यहाँ असहज छ। हेर्नुस्, कर्मचारी पंखामा छन्। चर्को गर्मीमा सेडमा पंखा छैन,' उनले भने, 'बालेन सरकार आएदेखि पहिलेदेखि केही सहज भएको छ। अझ सुधार र तीव्रगतिमा काम हुनुपर्‍यो।' प्रजिअ लुइँटेल राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन पहिलेभन्दा गति दिइएको र लाम दुईवटा भएपनि भित्र चारवटा टेबलमा परिचयपत्रको लागि तस्वीर खिच्ने गरिएको बताए। जेष्ठ नागरिक, फरक क्षमता, सुत्केरीको लागि गोलघरबाट राष्ट्रिय परिचयपत्र द्रुत गतिमा बनाउने काम भएको उनको भनाइ छ।

शासकीय सुधारको बुँदा नम्बर २७ मा त सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्सलगायतका सरकारी कागजात तथा सामग्रीहरू घरमै पुऱ्याउने व्यवस्था १०० दिनभित्र लागू गर्ने पनि बालेन सरकारको नीति छ। तर जिल्ला प्रशासनमा अझै उखरमाउलो गर्मीमा सेवाग्राही लाइन बसेर सेवा लिइरहेको देखिन्छन्। बालेन सरकारको शासकीय सुधारबारे सेवाग्राहीको मिश्रित प्रतिक्रिया छ। अझ सेवा प्रवाह सहज हुनुपर्ने सेवाग्राहीको धारणा छ। हुने सेवा प्रवाहबाट केही कर्मचारी स्वयं असन्तुष्ट छन्।

जिल्ला प्रशासनको भवन पुरानो र जीर्ण छ। अर्को नयाँ भवन निर्माणको अन्तिम चरणमा छ। धनुषा जिल्ला मधेश प्रदेशको सबभन्दा धेरै जनसंख्या भएपनि इलाका प्रशासन एउटा यदुकोहा मात्र छन्। अन्य जिल्लाहरूमा ३/४ वटा इलाका प्रशासन भएपनि धनुषामा जिल्ला भरिको सेवाग्राहीको चापले धान्न मुस्किल हुने गरेको प्रजिअ लुइँटेलको भनाइ छ। धनुषाधाम इलाका प्रशासन कार्यालयबाट सेवा प्रवाह गर्ने तयारी भएपनि अर्थ मन्त्रालयमा फाइल अड्किँदा सुरु हुन सकेको छैन।

'हालको कार्यालय पुरानो र जीर्ण छ। यो भत्किने अवस्थामा छन्। त्यस कारण बाहिर सेडहरूमा पंखा लगाउन सकिएको छैन। अब नयाँ भवनमा यो कार्यालय दशैंसम्म सरेपछि सेवा प्रवाह अपेक्षित सुधार हुन्छ' प्रजिअ लुइटेल भन्छन्।

**मालपोतमा उस्तै दुःख, अन्यमा भीडभाड कम**

भूमिसुधार तथा मालपोत कार्यालय धनुषामा ८५ वर्षीया जुगल ठाकुर साढे १२ बजेतिर २२० नम्बर झ्याल अगाडि बेन्चमा बसिरहेका थिए। क्षिरेश्वरनाथ नगरपालिका–१ रमदैयाभवाडीका उनी कर्मचारीबाट आफ्नो काम बारे बुझ्न खोजिरहेका थिए। साढे चार कट्ठा छुट जग्गाको लागि उनी एकवर्षदेखि मालपोत कार्यालयमा बेलाबेला धाइरहन्छन्। तर काम नभएर उनी निराश भएपनि हिम्मत हारेका छैनन्।

'म एकवर्षदेखि छुट जग्गाको काम गराउन आइरहेको छु। यो पुगेन, त्यो पुगेन भनेर कर्मचारीले फर्काउँछन्। तर आशा बोकेर अझै म बेलाबेला आइरहन्छु। पाँचदिनदेखि निरन्तर आइरहेको छु' उनले भने 'सबै प्रक्रिया पुऱ्याइसके। अब सूचना निकाल्छु भन्छ, पाँचदिनदेखि त्यसमै अल्झिएको छ। यहाँ अझैपनि मुख देखेरै काम हुन्छ।' बालेन सरकार आएपनि सेवाग्राहीको काममा मालपोत कार्यालयमा उस्तै ढिलासुस्ती छ। उनी जस्तै गुनासो छ।

काउन्टरमा बसिरहेका कर्मचारीले जुगल एकवर्षदेखि त्यसै कामको लागि आउने गरेको पुष्टि गरे। तर काजातहरू पुऱ्याउन नसकेकाले काममा ढिलो भएको स्वीकारे। 'केही दिनअघि बल्ल कागजात पुगेको छ। अब काम हुन्छ' उनले भने। त्यही झ्याल अगाडिको बेन्चमा बसिरहेका सेवाग्राही महोत्तरीको पिपरा गाउँपालिका–६ रतौलीका सुरेश ठाकुरको गुनासो उस्तै सुनिए। उनले आफू गाउँब्लोक जग्गाको दाखाको लागि एक महिनादेखि आउने गरेको, सबै कागजात पुऱ्याएपनि कर्मचारीले काम नगरेको गुनासो सुनाए।

'मालपोतको कर्मचारीले माग अनुसार सबै कागजात भूमिसुधार, नापी, गुठी कार्यालयसँग ल्याइसकेको छु। तर काम नगरी आलटाल गर्दिछै। बालेन सरकारको पालामा पनि यस्तो अवस्था छ' उनले गुनासो गरे। मालपोत कार्यालयकमा अहिले पनि लेखापढी व्यवसायी मार्फत काम हुने गरेको छ। मानिस आफ्नो निजी कामको लागि आफै जाँदा ढिलासुस्ती गर्ने क्रम अझै रोकिएको छैन। नापी कार्यालयमा पहिलेभन्दा अलि व्यवस्थित देखिएको छ। टोकन सिस्टम अनुसार काम गर्ने गरिएको छ। अनलाइन मार्फत काम हुँदा आन्तरिक राजश्व कार्यालय जनकपुरमा सेवाग्राहीको चाप न्यून छ। यातायात व्यवस्था कार्यालय जनकपुरमा सेवाग्रही पहिलेको तुलनामा घटेको छ। सवारीचालक अनुमतिपत्र, सवारी नामसारी लगायतको कामको लागि मात्र सेवाग्राही आउने गरेको छ। यद्यपी यातायात व्यवस्था कार्यालय अझै बिचौलियामुक्त हुन नसकेको आम गुनासो छ।

धनुषाका प्रजिअ लुइँटेल कार्यालयहरू बिचौलियामुक्त भएर सेवाप्रवाहमा धेरै सुधार भएको दाबी गरे। 'जिल्ला प्रशासन लगायत अन्य सरकारी कार्यालयमा बिचौलिया मुक्त भएका छन्। सेवा प्रवाहले गति लिएको छ। प्रक्रिया पुऱ्याएर चाँडै काम गर्ने गरिएको छ' उनको भनाइ छ। प्रादेशिक अस्पताल जनकपुरमा सेवाग्राहीको चाप उच्च छ। तर त्यस अनुसारको जनशक्ति नहुँदा उपचारमा पनि नागरिकले सास्ती पाउने गरेका छन्। प्रादेशिक अस्पतालमा गुणस्तरी सेवा प्रवाह हुनुपर्ने नागरिकको धारणा छ।

जनकपुरमा धेरै निजी अस्पताल, क्लिनिक, ल्याब मपदण्ड विपरीत सञ्चालनमा छन्। चर्को शुल्क लिने र चरम लापरबाही गरेर ज्यानसम्म लिने घटना हुने गरेपनि यसको नियमत अनुगमन तथा कानुनको दायरामा ल्याउन सरकारले सकेको छैन। यो बेथितिको न्यूनिकरण गर्न सरकार चुकेको आम बुझाइ छ। यद्यपी पहिले जस्तै खुलेआम घुस माग्न कर्मचारी डराउँछन्। तर बिचौलियाको मिलेमतोमा घुस लिने प्रवृत्ति भने रोकिएको छैन। नदीहरूमा अवैध दोहनमा नियन्त्रण देखिँदैन। क्रसर माफियाको रजगज उस्तै छ। यसमा स्थानीय सरकारदेखि प्रहरी प्रशासनको मिलेमतो हुने गरेको आम गुनासो छ। अनलाइन बाट

## *तीन सय विद्यार्थीलाई ...*

सम्बन्धी कानुनी व्यवस्था, ओसारपसार, बिक्रीवितरण तथा सेवन सम्बन्धी कानुनी कारबाहीबारे जानकारी गराउँदै लागुऔषध विरुद्धको अभियानमा विद्यार्थी स्वयं सचेत नागरिकका रूपमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा सहभागी कक्षा १० का विद्यार्थी चितनारायण मण्डल र मेनुका कुमारी यादवले प्रशिक्षणबाट लागुऔषध सेवनले स्वास्थ्य, अध्ययन र भविष्यमा पार्ने गम्भीर असरबारे नयाँ जानकारी प्राप्त भएको बताउनुभयो। उहाँले आफू मात्र होइन, आफ्ना साथीभाइलाई समेत लागुऔषधको प्रयोगबाट टाढा रहन प्रेरित गर्ने प्रतिबद्धता जनाउनुभयो।विद्यालय तहमा सञ्चालन गरिएका यस्ता सचेतनामूलक कार्यक्रमले विद्यार्थीमा लागुऔषध प्रति सही बुझाइ विकास गर्न, दुर्व्यसनको जोखिम घटाउन तथा सुरक्षित र जिम्मेवार जीवनशैली अपनाउन महत्त्वपूर्ण योगदान पुग्ने उद्देश्यले यस्तो तालिम सञ्चालन गरिएको आयोजकले जनाएको छ।

# मधेशमा ९ वटा मन्त्रालयमा सीमित गर्न अध्ययन समितिको सिफारिस



जनकपुरधाम, १८ असार। मधेश प्रदेश सरकारका मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकन गर्न गठित उच्चस्तरीय अध्ययन तथा सिफारिस समितिले प्रदेश सरकारका मन्त्रालयको संख्या ९ वटामा कायम गर्न सिफारिस गरेको छ। समितिले मन्त्रालयहरूबीच देखिएको कार्यगत दोहोरोपन हटाई प्रशासनिक खर्च घटाउने, सेवा प्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाउने तथा प्रदेश सरकारको संरचनालाई सुदृढ बनाउन मन्त्रालय संख्या घटाउनुपर्ने निष्कर्ष निकालेको हो।

समितिले आज मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई ५० पानाको प्रतिवेदन बुझाएको छ। कार्यदलका संयोजक अर्थमन्त्री युवराज भट्टराईसहितले बुझाएकोप्रति प्रतिवेदनमा ९ वटा मन्त्रालयमा सीमित गर्न निष्कर्ष निकालेको छ। यसले प्रशासनिक दक्षता वृद्धि हुने, नीतिगत समन्वय सुदृढ हुने, सार्वजनिक खर्चमा मितव्ययिता आउने, एकल बिन्दुबाट सेवा प्रवाह सहज हुने, डिजिटल शासन विस्तार हुने तथा नागरिकले छिटो, सरल र गुणस्तरीय सेवा प्राप्त गर्ने अपेक्षा गरिएको छ।

समितिले प्रस्तावित पुनर्संरचनाको कार्यान्वयनबाट प्रदेश सरकार सानो तर सक्षम, उत्तरदायी र परिणाममुखी प्रशासनिक संरचनामा रूपान्तरण हुने विश्वास व्यक्त गरेको छ। साथै विकास बजेटको प्रभावकारी उपयोग, प्रशासनिक दक्षता, नीतिगत समन्वय तथा सेवा प्रवाहको प्रभावकारितामा सकारात्मक सुधार आउने उल्लेख गर्दै प्रतिवेदनलाई प्रदेश सरकारको प्रशासनिक सुधार र आधुनिक, सुशासनयुक्त तथा नागरिकमैत्री सेवा प्रणाली निर्माणका लागि महत्वपूर्ण आधार दस्तावेजका रूपमा प्रस्तुत गरिएको छ।

समितिले संविधान, प्रचलित कानुन, प्रदेश सरकारका नीति तथा कार्यक्रम, बजेट वक्तव्य, संघीय सरकारको पुनर्संरचनासम्बन्धी अनुभव, प्रशासनिक सुधारका अध्ययन तथा प्रदेशको बदलिँदो प्रशासनिक संरचना, उपलब्ध स्रोत–साधन र जनअपेक्षालाई आधार मानेर प्रतिवेदन तयार गरेको जनाएको छ। प्रतिवेदनमा मन्त्रालयहरूबीच रहेको कार्यगत दोहोरोपन हटाउने, प्रशासनिक खर्च नियन्त्रण गर्ने, वित्तीय अनुशासन कायम गर्ने तथा प्रदेश सरकारको संगठनलाई 'राइटसाइजिङ' गर्न आवश्यक रहेको उल्लेख छ।

सीमित स्रोत–साधनलाई विकास निर्माणमा केन्द्रित गर्न मन्त्रालय संख्या घटाई कार्यक्षेत्र स्पष्ट बनाउनुपर्ने निष्कर्षसमेत प्रतिवेदनले निकालेको छ। मधेशमा हाल मुख्यमन्त्री कार्यालयबाहेक १२ मन्त्रालय छ। मन्त्रालयको संख्या र कार्यविभाजन पुनरावलोकन गर्ने उद्देश्यले १९ जेठ २०८२ मा समिति गठन गरिएको थियो। कार्यप्रकृति, कार्यजिम्मेवारी तथा कार्यबोझको विश्लेषण गरी गाभ्न मिल्ने वा हटाउनुपर्ने मन्त्रालय पहिचान गर्ने तथा संशोधित कार्यविभाजन नियमावलीको मस्यौदा तयार गरी ३० दिनभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको थियो। यो प्रतिवेदन कार्यान्वयन भए आगामी साउनदेखि दुईवटा मन्त्रालय घटाएर ९ वटा बनाइने छ।

OFFICE OF THE PRINCIPAL

DPS
DELIGHT PUBLIC SCHOOL
Lahan-3, Siraha

Walk in Interview

Required suitable candidate for the following position

| Section | Required |
|---|---|
| Pre-primary+ Kindergarten | Nursery/Montessori trained or 1-2 year Diploma in Early Education |
| Primary | Social Studies/English (Bachelor's degree in revelant subject, B.Ed. or equivalent with teaching experience) |
| Lower Secondary | Social Studies/English (Bachelor's degree in revelant subject, B.Ed. or equivalent with teaching experience) |

All candidates need strong communication skills,
Classroom management and computer proficiency.
Able to handle Modern and changing education system
Understanding young minds/A passion for teaching and Learning
(Experience preferred)

Walk-in interviews: 17th/18th/19th Ashad 2083
Carry all required documents

| Timings | Venue |
|---|---|
| 9:00 AM - 3:00 PM | OFFICE OF THE PRINCIPAL DELIGHT PUBLIC SCHOOL, Lahan-3, Siraha |

9712044022 033-590430

# पत्रकार भण्डारी कारागार चलान



धनगढी, १८ असार। कञ्चनपुर प्रहरीले फैसला कार्यान्वयनका लागि पक्राउ गरेका पत्रकार खेम भण्डारीलाई कारागार चलान गरिएको छ। गाली बेइज्जती मुद्दामा अदालतबाट एक महिना ७ दिन कैद र १२ हजार रुपैयाँ जरिवानाको सजाय पाएका भण्डारी बिहीबार कारागार चलान भएका हुन्।

भण्डारीले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को १५५ बमोजिम रकम लिई कैद मिलान गरिपाउँ भन्दै जिल्ला अदालतमा कानुन व्यवसायीमार्फत निवेदन दिएका थिए। तर न्यायाधीश राजेन्द्र सिंह भण्डारीको इजलासले मागबमोजिमको आदेश दिन अस्वीकार गरेपछि भण्डारी कारागार चलान भएको तहसिलदार नारायणदत्त ओझाले जानकारी दिए।

उनकाअनुसार उक्त व्यवस्था पहिलोपटक कैद सजाय तोकिएका प्रतिवादीको हकमा मात्र लागू हुने भएकाले भण्डारी यसअघि पनि कैद सजाय भइसकेका व्यक्ति भएकाले सुविधा नपाएका हुन्।

# पौडेललाई गैरकानुनी हिरासतमा राखिएको भन्दै दायर रिट खारेज

काठमाडौं, १८ असार। सर्वोच्च अदालतले पूर्वअर्थमन्त्री विष्णु पौडेललाई गैरकानुनी हिरासतमा राखिएको भन्दै दायर गरिएको बन्दी प्रत्यक्षीकरण रिट खारेज गरेको छ। पौडेलकी पत्नी दोमाया पौडेलले सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा थुनामा राखेर अनुसन्धान गर्ने अनुमति दिने विशेष अदालतको निर्णयविरुद्ध सर्वोच्चमा बन्दी प्रत्यक्षीकरण रिट दायर गरेकी थिइन्। उक्त रिटमा न्यायाधीशहरू विनोद शर्मा र नित्यानन्द पाण्डेको बिहीबारको इजलासले रिट खारेज गर्ने निर्णय गरेको हो। विशेष अदालतले बिहीबार नै पनि पौडेललाई थप ६ दिन हिरासतमा राख्नेर अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण विभागलाई अनुमति दिएको छ।

# नेपाल कृषि महासंघको १२औँ साधारणसभा नयाँ नेतृत्व चयन गरी सम्पन्न

काठमाण्डौ, १८ असार। नेपालको कृषि तथा पशुपछी क्षेत्रका १२ वटा संस्थाहरूको छाता संस्था नेपाल कृषि महासंघको १२औँ वार्षिक साधारणसभा नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ। वरिष्ठ कृषि विज्ञ शिवबहादुर नेपाली प्रधानले साधारणसभाको उद्घाटन गर्दै समयक्रममा नेपालले केही कृषि उपज आयात गर्नुपरे पनि केही उपजमा आत्मनिर्भर र केहीमा निर्यात गरिरहेको भन्दै आउँदा दिनमा निर्यातलाई विस्तार गर्न अझै धेरै काम गर्न सकिने सम्भावना रहेको बताउनुभयो। नेपाली भेडाहरूको ऊन खुर्कने र प्रशोधन गर्ने नयाँ प्रविधिको प्रयोग, नेपाली महको ब्रान्डिङ, केसर खेती, कस्तुरी पालनजस्ता नेपाली वस्तुबाट रोजगारी र आम्दानी बढाउन सकिने तथा खाद्यान्न आयातबाट हुने व्यापार घाटालाई कम गरी देशको आर्थिक उन्नति हुने कुरामा उहाँले जोड दिनुभयो।



साधारणसभामा महासंघका सचिव हिक्मतकुमार श्रेष्ठले वार्षिक कार्यप्रगति एवम् कोषाध्यक्ष प्रज्ञा श्रेष्ठले महासंघको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका १० वर्षे उपलब्धिसम्बन्धी विशेष प्रस्तुति पनि रहेको थियो। कार्यक्रममा कृषि वन तथा पर्यावरण मन्त्रालयका पूर्वसचिव डा. योगेन्द्रकुमार कार्कीले नेपालमा कृषिका योजना तर्जुमा र तिनको कार्यान्वयनमा गम्भीरतापूर्वक लाग्ने हो भने कृषिको विकास तीव्र गतिमा हुने धारणा राख्नुभयो। महासंघले आफ्ना विज्ञहरूको सहयोगमा अन्तर्राष्ट्रिय संस्थासँगको सहकार्यमा कृषि विकासका कार्यहरू सञ्चालन गर्न राम्रो हुने सल्लाह पनि उहाँले दिनुभयो।

पूर्वसचिव एवम् महासंघका सल्लाहकार गणेशकुमार केसीले महासंघको स्थापना र विकासक्रमको चर्चा गर्नुभयो। पूर्वसचिव ब्रजकिशोरप्रसाद शाहले महासंघले कृषिकर्मीको भलाइ र क्षमता अभिवृद्धिका लागि पनि काम गर्नुपर्ने सुझाव दिनुभयो। साधारणसभाले शिवसुन्दर श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय कमिटीको चयन गरेको छ। कमिटीको उपाध्यक्षमा मोहनबहादुर थापा, महासचिवमा डा. कालिकाप्रसाद उपाध्याय, सचिवमा हिक्मतकुमार श्रेष्ठ, कोषाध्यक्षमा प्रज्ञा श्रेष्ठ र सदस्यहरूमा डा. योगेन्द्रकुमार कार्की, कृष्णकुमार श्रेष्ठ, देवकी श्रेष्ठ, डा. सावित्री बराल, रामप्रसाद पुलामी, देवेन्द्रप्रसाद यादव, डा. भवप्रसाद त्रिपाठी, सरोजकान्त अधिकारी, प्रमोद रिजाल, सञ्जय धिमाल निर्विरोध निर्वाचित हुनुभएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)